आ.ब. २०८०/८१ बैठक क्र.सं. ०९

सम्वत् २०८०।११।२१ गते

निर्णयहरु :

१. सम्मानित उच्च अदालत पोखराबाट यस पैयूँ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाइ विपक्षी बनाई मिति फाल्गुन १६ गते जारी भएको १५(प्रन्ध्र) दिने सूचना म्यादमा अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा मिति २०८० फाल्गुन २२ गते छलफलको लागि पेशी तोकिएकोले उपस्थित हुने भनि आदेश जारी भएकोले सम्मानित उच्च अदालत पोखरामा उक्त दिन उपस्थितिको लागि प्रमुख प्रशासकीय अधिकृत राजीव रिमाललाई अख्तियारनामा दिने निर्णय गरियो ।

२. पैयूँ गाउँ कार्यपालिको मिति २०८०/०७/१५ को निर्णय नं १७ बमोजिम पैयूँ गा.पा वडा नं ५ मा फोहोरमैला व्यवस्थापन परियोजनाको जग्गा व्यवस्थापन अन्तर्गत प्रति रोपनी रु १ लाख १० हजारका दरले नरदेउ भुर्तेलको कित्ता नं ३४० ( क्षेत्रफल ०-११-२-०) खरिद गर्ने निर्णय भएकोमा गाउँपालिकाको तर्फबाट संरचना निर्माण गरिएको र फोहोमैला व्यवस्थापन जस्तो अत्यावश्यक परियोजनाको लागि आवश्यक जग्गा व्यवस्थापन गर्नुपर्ने भएको तर भुलबस मालपोत कार्यालय, पर्वतको न्युनतम मुल्यांकन रकम प्रति रोपनी रु ५३,५००( रु त्रिपन्न हजार पाँच सय ) भन्दा बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित जग्गा धनी बाट असुल उपर गरी दाखिला गर्ने निर्णय गरी मिति २०८०/०७/१५ गतेको निर्णय पुनरावलोकन गर्ने निर्णय गरियो ।

३. पैयूँ गाउँ कार्यपालिकाको मिति २०८०/०९/२५ को निर्णय नं ७ बमोजिम पैयूँ गा.पा वडा नं ४ मा निर्माणाधीन १० शैया अस्पतालको जग्गा व्यवस्थापन अन्तर्गत सो स्थानमा अस्पताल जस्तो अत्यावश्यक परियोजनाको संरचना समेत निर्माण भइ जग्गा पालिकाको नाममा आइनसकेको परिस्थितिलाई मध्यनजर गर्दै प्रति रोपनी रु २ लाख ५० हजारका दरले तपसील बमोजिमको जग्गा खरिद गर्ने निर्णय भएको तर मालपोत कार्यालय पर्वतको न्यूनतम मुल्यांकनमा उक्त जग्गाको मूल्य प्रति रोपनी रु ५३,५०० (रु त्रिपन्न हजार पाँच सय) मात्र रहेकोले न्युनतम मुल्यांकन रकम प्रति रोपनी रु ५३,५०० को दरले भुक्तानी गर्ने निर्णय गरी मिति २०८०/९/२५ गतेको निर्णय पुनरावलोकन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स | जग्गाधनीको नामथर | कित्ता नं | क्षेत्रफल |
|---|---|---|---|
| १. | लक्ष्मी देवी आले | २०२ | ०-१-१-२ |
| २. | विष्णु कुमारी राना आले | १८३ | ०-२-३-३ |
| ३. | बिष्णु कुमारी राना आले | २०४ | १-२-१-० |
| ४. | सुदन आले, जितेन्द्र आले | २०५ | ०-५-०-३ |
| ५. | तिल कुमारी आले | २०३ | ०-७-३-० |

सम्वत् २०८०।११।२१ गते आ.ब. २०८०/८१ बैठक क्र.सं. ०९

४. पैयूँ गाउँपालिकाको गाउँसभाको १३ औं अधिवेशन मिति २०८० चैत्र ५ गते सोमबार गर्ने निर्णय गरियो ।

५. कृषि शाखाको आ.व २०८०/८१ मा बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत साना सिंचाई कार्यक्रममा पेश हुन् आएका आवेदकहरुलाई कृषि शाखाको अनुगमन प्रतिवेदनका आधारमा पैयूँ गाउँपालिका कृषि तथा पशुपन्छी विकास सम्बन्धी कार्यक्रम संचालन कार्यविधि २०७९ को दफा १७ को उपदफा १ बमोजिमको अनुदान व्यवस्थापन समितिले गरेको निर्णय अनुसूची १ बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

६. आ.व. ०८०/०८१ को वित्तीय हस्तान्तरण सशर्त तर्फको राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तुको आ.व. ०७९/०८० मा संचालन भएको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता संचालानार्थ ( परिच्छेद ४ को ४.१.९.१(ग)संग सम्बन्धित ) पकेट विकास कार्यक्रम अन्तर्गत साना सिंचाई निर्माण तथा मर्मत कार्यक्रमा कार्यालयमा प्राप्त निवेदनहरु उपर( परिच्छेद ४ को ४.१.९.१(ग) संग सम्बन्धित ) अनुसूची -११ बमोजिमको पकेट/ ब्लक मूल्याङ्कन मापदण्ड अनुसार प्राविधिक समितिले पेश गरेको मूल्याङ्कन प्रतिवेदनका आधारमा लाभग्राही छनौट स्वीकृत गर्ने निर्णय गरियो ।

७. उल्लेखित निर्णयहरु आगामी गाउँसभाको अधिवेशनमा पेश गरि अनुमोदन गर्ने निर्णय गरियो ।